**३५.आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा संचालन, व्यवस्थापन तथा प्रमाणिकरण समिति** : (१) आधारभूत तह उत्तीर्ण परीक्षा संचालन, व्यवस्थापन तथा प्रमाणिकरण प्रयोजनार्थपरीक्षालाई मर्यादित, विश्वसनीय र अनुशाषित बनाउनका लागि देहायको एक परीक्षासमिति रहनेछ ।

(क) नगर प्रमुख संयोजक

(ख)प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखसदस्य

(घ) सामाजिक विकास समिति संयोजक सदस्य

(ङ) आधारभूत तह सञ्चालन भएका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट प्रधानाध्यापकहरुले आफूहरुमध्येबाट छानि पठाएको एक जना सदस्य

(च) आधारभूत तह सञ्चालन भएका संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले तोकेको एक जना सदस्य

(छ) परीक्षा क्षेत्रमा लामो अनुभव हासिल गरेका सम्बन्धित नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य

(ज) शिक्षा अधिकृत सदस्य सचिव

(२) परीक्षा समितिको काम कर्तव्य र अधिकार आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड, २०७६ तथा संघीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) परीक्षा समितिको कार्य समयावधी तीन वर्षको हुनेछ ।

(५) परीक्षा समितिमा कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थिति भएमा परीक्षा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिन्छ ।

(६) अन्य शैक्षिक तहको परीक्षा सञ्चालनका लागि समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(७) परीक्षा समितिको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

(८) उपनियम (२) मा जुनसुकै कुरा लेखिएता पनि परीक्षा समितिको काम, कर्तव्य र अधिकारको विषयमा नगर कार्यपालिकाले थप मापदण्ड निर्धारण गर्न सक्नेछ ।

**३६. संस्थागत विद्यालयले परीक्षा शुल्कबापतको रकम जम्मा गर्नु पर्नेः** (१) नियम ३५ वमोजिम गठित परीक्षा समितिले निर्धारण गरेको आधारभूत तह (कक्षा ८) को परीक्षा शुल्क सम्वन्धित संस्थागत विद्यालयले स्थानीय सञ्चितकोष वा परीक्षा समितिले तोके बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ ।

(२)संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरुबाट लिएको शुल्क परीक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

